गोदावरी नगरपालिका
Godawari Municipality
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office Of the Municipal Executive
बज्रबाराही, ललितपुर/ Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल/ Bagmati Province, Nepal
२०७३/2073

प. सं/Let. No.
च. नं/Ref. No.

# प्रेस विज्ञप्ति

आज मिति २०८३ भदौ १० गते बुधबार रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक एवं विनाशकारी बाढीबाट रसुवाको टिमुरे, स्याफ्रुबेंसी, रसुवागढी लगायतका क्षेत्रमा अकल्पनीय मानवीय क्षती एवम् निजी तथा सार्वजनिक सम्पत्ति, सडक, पुल, विद्युत्, सञ्चार, बजार तथा अन्य भौतिक संरचनामा पुगेको क्षतिप्रति गोदावरी नगरपालिका, ललितपुर गहिरो दुःख व्यक्त गर्दछ।

यस दुःखद् प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं साथै, घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। विपद्का कारण परिवार, व्यवसाय, सम्पत्ति तथा जीविकोपार्जनमा क्षति व्यहोर्नुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति यस नगरपालिका हार्दिक सहानुभूति प्रकट गर्दछ।

यस विषम परिस्थितिमा जोखिममा परेका नागरिकको खोज तथा उद्धार, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकार, स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जनप्रतिनिधिहरु सबै परिचालन भईसकेको अवस्था छ ।

यस घटनाबाट भएको मानवीय तथा भौतिक क्षतिको वर्तमान अवस्थामा प्रभावित नागरिकको जीवनरक्षा, तत्काल राहत तथा अत्यावश्यक मानवीय सहायता नै पहिलो प्राथमिकता हो । यसका लागि सम्बन्धित स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्न नगरपालिका प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउँदछौं।

यस दुःखद् घडीमा गोदावरी नगरपालिका रसुवा, नुवाकोट, धादिङ लगायतका बाढी प्रभावित नागरिकहरूसँग साथमा रहेको स्पष्ट गर्दै तत्कालीन उद्धार तथा राहतदेखि प्रभावित क्षेत्रको पुनःस्थापना र पुनर्निर्माणसम्म आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। नगरपालिकाको विपद् व्यवस्थापन कोष तथा उपलब्ध स्रोत-साधनबाट प्रचलित कानून र कार्यविधि बमोजिम आवश्यक सहयोग उपलब्ध गराउन नगरपालिका आवश्यक निर्णय एवं समन्वय गर्नेछ।

भोटेकोशी तथा यससँग जोडिएका नदी-खोलाको तटीय क्षेत्रमा अझै जोखिम रहन सक्ने भएकाले आम नागरिकलाई उच्च सतर्कता अपनाई सुरक्षित स्थानमा रहन तथा सम्बन्धित निकायबाट जारी सूचना, निर्देशन र पूर्वसूचनाको पालना गर्न नगरपालिका हार्दिक अनुरोध गर्दछ।

अन्त्यमा, प्राकृतिक विपद्बाट सिर्जित यस कठिन परिस्थितिमा मानवीय एकता, सहकार्य र पारस्परिक सहयोगमार्फत प्रभावित नागरिकको जीवन रक्षा तथा सुरक्षित पुनःस्थापनाका लागि गोदावरी नगरपालिका ललितपुर सदैव साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछ।

(गजेन्द्र महर्जन)
नगर प्रमुख